स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म व्यावसायिक रुपमा सफल भएपछि त्यसमा काम गर्ने कलाकारको करिअर कायापलट हुन्छ । एकाएक डिमान्डेड बन्छन् । तर, सबैको हकमा यही हुँदैन । फिल्म चलेर पनि गुमनाम भएका धेरै छन् । केहीले भने फिल्म नचल्दा पनि करिअरमा राम्रो उचाइँ हासिल गरेका छन् । यसमा अभिनेत्री जसिता गुरुङ पनि पर्छिन् । लगातार फिल्म 'फ्लप' हुँदा पनि उनको करिअर कमजोर छैन । अहिले उनीसँग फिल्म 'फर्की फर्की' छ । उनलाई हिटको आश भनेकै अब यही फिल्मबाट छ ।

**आजको विचार...**



लोक...
(दुई पेजमा)

डा.खगेन्द्रप्रसाद सुवेदी

निसन्देह ! अहिलेको समयका सबैभन्दा सफल अभिनेता हुन्, दयाहाङ राई । केही वर्षयताको तथ्यांक हेर्ने हो भने उनको नाममा सफल फिल्मको संख्या धेरै छ । गत वर्ष मात्र उनका 'कबड्डी ४', 'दुई नम्बरी' र 'के घर के डेरा' फिल्म सफल भए । यस वर्षको सुरुमै फिल्म 'जारी'ले कमाईमा रेकर्ड बनायो । तर, एउटा तथ्य के विर्सनुहुन्न भने उनका धेरै फिल्मले निर्माता डुबाएका पनि छन् । यस वर्षको बैशाख र जेठमा मात्र उनका तीन फिल्म प्रदर्शन भइसकेका छन् ।



❐ वर्ष २८ ❐ अंक ३१९ ❐ २०८० असार २ गते शनिबार 17 June 2023, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# लुम्बिनी प्रदेश सरकारले ल्यायो ४० अर्ब ४७ करोडको बजेट

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असार १/कृषि, र रोजगारीलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम ल्याएको लुम्बिनी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ को लागि ४० अर्ब बढीको बजेट ल्याएको छ । शुक्रबार प्रदेश सरकारका आर्थिक मामिला मन्त्री धनबहादुर मास्कीले आगामी ४० अर्ब ४७ करोड ९७ लाख बराबरको बजेट प्रदेश सभामा प्रस्तुत गरेका हुन् ।

प्रदेश सरकारले पुँजीगततर्फ २३ अर्ब २५ करोड ६९ लाख, चालुतर्फ १३ अर्ब ६३ करोड ३० लाख र वित्तीय हस्तान्तरणतर्फ ३ अर्ब ५८ करोड ९७ लाख बजेट विनियोजन गरेको छ । विनियोजन बजेट मध्ये १ करोड बजेट प्रदेश संचित कोषबाट खर्च हुनेछ । सार्वजनिक गरेको बजेट चालु आवको भन्दा २ अर्बले घटेको छ । प्रदेश सरकारले कृषि वन तथा हरियाली प्रवर्द्धन गर्न ११ करोड बजेट विनियोजन गरेको छ । यस्तै सरकारले गुल्मीको मदाने र रेसुंगामा पर्यापर्यटन कार्यक्रमका लागि




१ करोड ५० लाख बजेट विनियोजन गरेको छ । उसले वन्यजन्तुबाट हुने क्षति न्यूनीकरण गर्न पीडितसँग प्रदेश सरकार कार्यक्रम सञ्चालन गर्न १ करोड ५० लाख रकम विनियोजन गरेको छ ।

कृषि प्रवर्द्धनका लागि सघन व्यवसायिक उत्पादन क्षेत्र विकासका लागि ६ करोड १८ लाख बजेट छुट्याइएको छ । यो कार्यक्रम अन्तर्गत नवलपरासीमा मकै, आलु, रुपन्देही र दाङमा तोरी र तरकारी, कपिलवस्तुमा मसिनो धान र आँप, बाँकेमा मसुरो र आँप, बर्दियामा तोरी र मसुरो, पाल्पा, अर्घाखाँची, गुल्मी, प्यूठानमा सुन्तलाजात फलफूल र तकारी, रोल्पा र रुकुम पूर्वमा स्याउ र वर्षे आलु प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ । यस्तै व्यवसायिक पशुपालन प्रवर्द्धनका लागि ५ करोड १० लाख, प्रदेशस्तरी गौशाला सञ्चालनका लागि ७४ लाख, प्रदेशका सबै जिल्लामा साना सिंचाई आयोजना सञ्चालनका लागि ९ करोड ९५ लाख र ठूला सिंचाई आयोजना अन्तर्गत २ करोड विनियोजन भएको छ । खाद्यान्नवालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न विउ उत्पादन कार्यक्रमलाई निरन्तरता दिर्दै १ करोड ३२ लाख, अचार, गुन्द्रुक, मस्यौरा, भागो, टिमुरको छोप, खुवा, पेडा, छुर्पी महुवा र कोदोका परिकार लगायतका वस्तु उत्पादन गर्न साना प्रशोधन उद्योग स्थापना गरी स्थानीयस्तरमा रोजगारी सिर्जना गर्न २ करोड ५५ लाख, घरदैलोमा प्राविधिक सेवा, उत्पादनमा टेवा कार्यक्रमलाई १२ करोड ९० लाख, कृषि र कृषकलाई प्रवर्द्धन गर्न प्रतिफलमा आधारित अनुदानलाई १० करोड ८५ लाख, प्रदेशमा माछाको उपलब्धता वृद्धि गर्न ३५ हेक्टर क्षेत्रफलमा कृतिम जलाशय विस्तार स्थानीय सरकारको समन्वयमा बर्दिया दाङ कपिलवस्तु, नवलपरासी र रुपन्देहीमा एक सय हेक्टर क्षेत्रफलमा प्राकृतिक जलाशयको संरक्षण तथा उपयोगका कार्यक्रम सञ्चालन गर्न ३ करोड ६० लाख बजेट विनियोजन भएको छ । यस्तै बजेटमा सरकारले २ वर्षमा २ लाख बेरोजगारलाई रोजगार दिने गरी मुख्यमन्त्री आर्थिक विकास कार्यक्रम अघि सारेको छ । जसमा १ अर्ब बजेट विनियोजन गरेको छ । यो कार्यक्रम सरकारी, निजी, गैर सरकारी संस्था र विकास साझेदारसँगको सहकार्यमा मुख्यमन्त्री आर्थिक विकास कोष स्थापना गरी सञ्चालन गर्ने आर्थिक मामिला मन्त्री मास्कीले बताए । सीप, पुँजी र प्रविधिको विकास गरी रोजगार प्रवर्द्धन गर्न सरकारले थप ४ करोड बजेट विनियोजन गरेको छ । त्यस्तै सरकारले मुख्यमन्त्री नव प्रवर्द्धन कार्यक्रम पनि अघि सारेको छ । रोजगारी सिर्जना गर्न साना र मझौला उद्यमको विकास गर्न सरकारले २ करोड रकम विनियोजन गरेको छ । यसैगरी प्रदेश सरकारले घरेलु उत्पादनको मदिरा प्रवर्द्धन गर्न बजेट व्यवस्था गरेको छ । यसको लागि १२ करोड रकम विनियोजन गरिएको छ ।

## संक्षिप्त समाचार

### जिप दुर्घटनामा एकको मृत्यु




**दाङ,** असार १/दाङको तुलसीपुरमा जिप दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । तुलसीपुरबाट रोल्पाका लागि छुटेको रा १ ज ५५६ नम्बरको जिप तुलसीपुर उपमहानगरपालिका -३ शिरखोलामा दुर्घटना हुँदा एक जनाको मृत्यु भएको हो ।

मृत्यु हुनेमा चालक रोल्पा गंगादेव गाउँपालिका-१ का विष्णु पुन रहेका छन् । दुर्घटनामा अन्य ९ जना घाइते छन् । घाइतेहरुको राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा उपचार भैरहेको छ । घाइते मध्य चार जनालाई थप उपचारका लागि बाँके रेफर गरिएको प्रहरीले बताएको छ । उक्त जिपमा ५ जना पुरुष र चार जना महिला सवार रहेको बुझिएको छ । घाइतेहरु मध्य केहीको अवस्था गम्भीर छ । घाइतेहरुको पहिचान खुल्न नसकेको प्रहरीले जनाएको छ ।

# पूर्वमन्त्री रायमाझी र खाणसहित १६ जना कारागार चलान

**पाल्पा,** असार १/नक्कली भुटानी शरणार्की प्रकरणमा पक्राउ परेका पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी र पूर्वगृहमन्त्री बालकृष्ण खाण सहित १६ जना केन्द्रीय कारागार चलान भएका छन् । काठमाडौं जिल्ला अदालतले पुर्पक्षका लागि शुक्रबार थुनामा पठाउने आदेश दिएपछि उनीहरू केन्द्रीय कारागारमा चलान भएका हुन् ।



मुद्दाको किनारा नलागेसम्म पुर्पक्षका लागि कारागार पठाउन जिल्ला अदालतले आदेश दिएको थियो । सो आदेश अनुसार नै उनीहरुलाई कारागार चलान गरिएको हो । अभियुक्तमध्ये टंक गुरुङ र लक्ष्मी महर्जनलाई भने धरौटीमा रिहा गर्ने आदेश दिएको छ । महर्जनलाई ५ लाख र गुरुङलाई १० लाख रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिइएको हो । यो मुद्दामा १२ जना भने अझै फरार छन् । जिल्ला अदालतका न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलासले १६ अभियुक्तलाई कारागारमै राखेर मुद्दा किनारा लगाउने गरी आदेश दिएको हो । २०७९ चैत १२ मा गिरोहका नाइके केशव दुलाल सानु भण्डारी र टंक गुरुङलाई पक्राउ गरेपछि प्रहरीले अदालतबाट म्याद थप गरेर अघि बढाएको अनुसन्धानका क्रममा पूर्वउपप्रधानमन्त्री एवं एमाले सांसद टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाण, नेपाल सरकारका सचिव टेकनारायण पाण्डे, तत्कालीन गृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार इन्द्रजित राई, भुटानी शरणार्थी नेता टेकनाथ रिजालसहित १६ जना पक्राउ परेका थिए । कानुन व्यवसायीहरूले अभियुक्तहरूलाई थुनामै राखेर मुद्दालाई अघि बढाउनुपर्ने तर्क गरेका थिए । धरौटीमा वा तारेखमा छोड्दा प्रमाण नष्ट हुने र जाहेरीकर्तालाई जोखिम हुने भन्दै अभियुक्तहरूलाई थुनामा राख्न आदेशको माग गरिएको थियो । नक्कली भुटानी शरणार्थी प्रकरणमा प्रहरीले बुझाएको प्रतिवेदनका आधारमा जिल्ला सरकारी वकिलको कार्यालयले जेठ १० गते जिल्ला अदालत काठमाडौंमा मुद्दा दर्ता गरेको थियो । त्यसपछि आरोपीको बयान सकेर जेठ २१ गतेबाट थुनछेक बहस सुरु भएको थियो । तीन दिन सरकारी वकिल र उजुरीकर्ताको तर्फबाट बहस भएपछि प्रतिवादीका तर्फबाट वकिलले बहस गरेका थिए ।

## स्तनपान: बालबालिकालाई वरदान

- आमाको दुधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ ।
- आमाको बिगौति दुधले बालबालिकालाई खोप सरहको काम गर्छ ।
- स्तनपानले शिशुको शारिरीक, मानसिक, बौद्धिक तथा सामाजिक विकासमा मद्दत गर्छ ।
- बजारमा पाइने प्याकेट दुध वा फर्मुला आमाको दुधजस्तो पोषिलो हुँदैन ।

*त्यसैले बालबालिकालाई स्तनपान गराऔं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## भन्सार छली गर्ने कार्य रोक

पछिल्लो समयमा भन्सार छली गर्ने क्रम बढेको छ । अहिले दैनिक रूपमा भन्सार नाकाहरूबाट छुटेका ट्रक समातिने र त्यसमा तिर्नुपर्ने राजस्व नतिरिएको पाइन्छ । पछिल्ला केही दिनयता पाल्पामा भारतीय बजारबाट भन्सार छलेर मल ल्याउने क्रम बढेको छ । गत शनिबार मात्र भारतीय बजारबाट भन्सार छलेर ल्याउँदै गरेको ३ सय ७२ बोरा अवैध युरिया मल पाल्पा प्रहरीले बरामद गऱ्यो । उक्त परिमाणको मल बरामद गरेको केही समयमै प्रहरीले मल भण्डारण गरी राखेको गोदाम नै फेला पाऱ्यो । रामपुर क्षेत्रमा धमाधम अवैध मल भित्रिएको सुइँको पाएको प्रहरीले खोज्दै जाँदा जिल्लाको रामपुर नगरपालिका–५ बेझाडको एक सटरमा मल भण्डारण गरिराखेको फेला पारेको हो । त्यो मल पनि भन्सार छली ल्याइएको थियो । त्यहाँ प्रहरीले भारतीय जनउर्वरक परियोजना भारत युरिया नामक ६ सय ५० बोरा युरिया मल फेला पारेको छ । यी केही प्रतिनिधि घटना मात्र हुन् । भन्सार छलेर दैनिक रुपमा सयौंको संख्यामा भन्सार छली हुँदासम्म सरकार र सम्बन्धित निकाय मौन हुने गर्दछन् । राजस्व छली महाअपराध हो । आफ्नै देशलाई ठगेर कमाइएको पैसाले त्यस्ता व्यक्तिको अतीत हुने निश्चित छ । तर, पनि राजस्वमा हुने छली रोकिनुको साटो बढ्नु अझै दुर्भाग्यपूर्ण छ ।

यस्ता गतिविधिमाथि छानविन र कारवाही हुन सकिरहेको छैन् । यसलाई रोक्न अहिलेसम्म कुनै विशेष पहल हुन नसक्नु दुखद् हो । पछिल्ला वर्षहरूमा यस्ता असमान्य बेलाबाहेक सामान्य अवस्थामा पनि चोरी–पैठारीका घटना नियन्त्रणमा आउन सकेका छैनन् । राजस्व छलीमा कर्मचारीको समेत मिलेमतो हुने गरेको छ । खासगरी रसुवा, विराटनगर, भैरहवाजस्ता ठूला भन्सार नाकाहरूमा यस्तो गडबडी भएको फेला परेको छ । मुलुकका प्रमुख भन्सार नाकाबाट छुटेका ट्रकमै राजस्व छली हुनु गम्भीर विषय हो । राजस्व छली कुनै पनि हिसाबमा क्षमा दिने विषय होइन । पछिल्ला वर्षहरूमा नक्कली भ्याट बिल प्रयोग बढ्नुमा पनि भन्सार छली वा न्यून बिजकीकरणको ठूलो हात छ । त्यसैले चौतर्फी असर गर्ने भन्सार छली नियन्त्रणमा सरकार अत्यन्त गम्भीर बन्न आवश्यक छ । यसर्थ भन्सार छल्ने र छल्न सहयोग गर्ने जो कोहीलाई कडा भन्दा कडा कानुनी कारवाही गरी भन्सार छली गर्ने कार्यलाई रोक्न जरुरी छ ।

### Opinion @ Social Network

सबै यात्रा सफल नहुन सक्छन्,
यात्रीले सफलता खोज्न छाड्नु हुँदैन ।
*(कमल अधिकारीको फेसबुक स्टाटस https://www.facebook.com/kamal.adhikari.)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# लोक सेवा आयोग : हिजो र आज



## डा.खगेन्द्रप्रसाद सुवेदी

विसं २००७ भन्दाअघि निजामती सेवामा जागिरको पनि कुनै टुङ्गो हुँदैन्थ्यो, राणाशासनमा प्रत्येक वर्ष कर्मचारीको बढुवा, सरूवा, थमौती वा पजनी मनखुसी गर्ने चलन रहेको थियो । विसं २००४ मा नेपाल सरकारको वैधानिक कानुन निर्माण भयो । उक्त वैधानिक कानुनअनुसार कर्मचारीहरू भर्ना हुन एउटा दरखास्त परिषद् खडा भयो, उक्त परिषद्ले योग्यता वा ल्याकत जाँचबुझ गरी सरकारलाई सिफारिस गर्ने व्यवस्था गरिएको थियो तर उक्त प्रावधान कार्यान्वयन हुन सकेन । नेपालको अन्तरिम शासन विधान, २००७ को भाग ५, धारा ३७ अनुसार २००८ असार १ गते नेपाल पब्लिक सर्भिस कमिसनको स्थापना भयो र उक्त कमिसनले सरकारी जागिरमा भर्नाका लागि जाँच गर्नु मुख्य कर्तव्य तोकियो । विसं २०१३ भाद्रमा स्व. टंकप्रसाद आचार्यको प्रधानमन्त्रीत्व कालमा निजामती सेवा ऐन र नियमावली लागू भयो । यसअनुसार वार्षिक ४ सय भन्दा बढी तलब भएका स्थायी निजामती पदहरूमा पब्लिक सर्भिस कमिसनको परामर्शबिना नियुक्त गर्न नहुने व्यवस्था गरिएको पाइन्छ । नेपाल अधिराज्यको संविधान, २०१५ को भाग ७, धारा ५९(१) को व्यवस्थाअनुसार लोक सेवा आयोग एक स्वतन्त्र संवैधानिक निकायको रूपमा स्थापित भयो र आयोगले निजामती सेवाका लागि कर्मचारीहरू छनौट गर्न प्रतियोगितात्मक लिखित परीक्षा, अन्तर्वार्ता गरी कर्मचारीहरू नेपाल सरकारलाई सिफारिश गर्न थाल्यो । आयोगका सदस्यहरूको पारिश्रमिक सर्वोच्च अदालतका न्यायाधीश सरह हुने र खर्च संचित कोषबाट व्ययभार हुने व्यवस्था गरियो ।

विसं २०२३ मा नेपालको संविधान, २०१९ संशोधन हुँदा लोक सेवा आयोगको कार्यक्षेत्रलाई अझ व्यापक बनाई त्यसमा निजामती सेवाका स्थायी, अस्थायी, विकासका विभिन्न पद तथा संस्थान, समितिका विभिन्न पदमा विज्ञापन गर्नेदेखि सिफारिससम्मका काम थपियो । एउटा सान्दर्भिक विषय जोडौं, बेलायतको निजामती सेवामा सुधार ल्याउन लर्ड फुल्टनको अध्यक्षतामा गठित समितिको प्रतिवेदन ब्रिटेनका प्रधानमन्त्रीले २०२५ असार १३ गते हाउस अफ कमन्समा पेश गरेको र उक्त प्रतिवेदनको एक सुझावमा निजामती सेवा प्रशासनको काम ट्रेजरी डिमार्टमेन्ट (अर्थ मन्त्रालय) अन्तर्गत रही आएकामा निजामती सेवा विभाग खोली निजामती सेवा प्रशासनसम्बन्धी काम सुम्पनु पर्ने र सो विभाग प्रधानमन्त्री मातहत राख्नुपर्ने भन्ने उल्लेख गरेबाट नेपालले स्वतन्त्र संस्थाको हैसियतको रूपमा आयोग बेलायतभन्दा अगाडि पाएको देखिन्छ । आयोगलाई समसामयिक रूपमा प्रभावकारी बनाउँदै लैजान २०३० पौष १ गते लोक सेवा आयोग सुदृढीकरण योजना लागू भयो । सुदृढीकरण योजनाले विभिन्न विषयलाई समेटेको पाइन्छ । लोक सेवा आयोगको संगठनलाई वैज्ञानिक आधारमा सुदृढीकरण गर्न, आयोगको गतिविधिहरूमा लक्ष्यमुलक गतिशीलता ल्याउन, आयोगको संगठनलाई अधिकृतमूलक बनाउन, आयोगको संगठन र कार्यविधिमा आमूल परिवर्तन गर्न, अर्को कार्यपालिकालाई क्रमश: अधिकार प्रत्यायोजन गरेर सानातिना दैनिक प्रकारको कामको कार्यबोझ हटाई कर्मचारी प्रशासनको सम्बन्धमा नीति निर्माण गर्न र उक्त नीति तथा सिद्धान्त अनुरूप कार्यपालिकालाई काम गर्न लगाउन र कार्यपालिकाले स्वयं निष्पक्ष र स्वतन्त्र रही कार्य सञ्चालन गर्न उपयुक्त वातावरण तयार गर्ने र आयोगले आफ्नो कार्यक्षेत्रमा कार्यपालिकालाई नेतृत्व दिन सक्ने तुल्याउने रहेको देखिन्छ । सुदृढीकरण योजनाको सिफारिसबमोजिम चार विकास क्षेत्रमा (पछि एक थप भई पाँच विकास क्षेत्र) प्रादेशिक कार्यालयहरू स्थापना गरी राजपत्र अनङ्कित स्तरका पदहरू पूर्ति गर्ने कार्य सुम्पिएको देखिन्छ । निजामती बाहेकका संस्थान, समितिको परीक्षा लिने व्यवस्था आयोगले २०२३ सालदेखि गरे तापनि विविध कारणले २०३२ सालदेखि लिन छाडेको परीक्षा ४८ वर्षपछि फेरि वर्तमान संविधानबाट अधिकार पाएको देखिन्छ । तथापि,लिखित परीक्षाको चरणपश्चातका अन्य परीक्षा सम्बन्धित निकायबाटै लोकसेवा अयोगको प्रतिनिधिको संलग्नतामा हुने गर्दछन्, जस्तैः अन्तर्वार्ता ।

विसं २००८ मा पब्लिक सर्भिस कमिसनको कार्यालय सिंहदरबारको दोस्रो चोकको उत्तरपट्टीको तेस्रो तलाको दुई वटा कोठामा थियो । कमिसनको काम कारबाहीमा सरसल्लाह दिन सल्लाहकारको रूपमा भारतको आइसिएस अफिसरका गोविन्दनारायण सिंह (जो राजदरबारमा राजा त्रिभुवनको सचिव भएर पनि काम गरेका थिए) भारत नफर्कुन्जेल रहे (भुवनमान सिंह) । नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १४ धारा १०१ ले अध्यक्ष र आवश्यकताअनुसार अन्य सदस्यहरू रहने गरी लोक सेवा आयोगको व्यवस्था गरेको पाइन्छ । आयोगको काम, कर्तव्य र अधिकारमा निजामती सेवाको पदमा नियुक्तिका निमित्त उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षाहरू सञ्चालन गर्ने र निजामती सेवाको निवृत्तीभरण पाउने पदमा लोक सेवा आयोगको परामर्शबिना स्थायी नियुक्ति नगरिने व्यवस्था गरिएको थियो । विसं २०२१ मा विभिन्न विकसित तथा विकासोन्मुख मुलुकहरूको लोक सेवा आयोग जस्तै संस्थाहरूको परीक्षा शैली अवलोकन अध्ययनपश्चात लिखित परीक्षामा प्रथमपटक सुधार गरी वस्तुगत प्रणाली गरिनुका साथै आई क्यू. परीक्षण, सामूहि योजना, समूह छलफलजस्ता परीक्षा समावेश भएको पाइन्छ । आयोगले २०२३ सालबाट निजामती सेवा पत्रिका चौमासिक रूपमा प्रकाशनको प्रारम्भ गरी नियमित रुपमा प्रकाशन गर्दै आएको छ । विसं २०२७ मा लोक सेवा आयोग कार्यविधि नियम बन्यो र राजपत्राङ्कित पदको लिखित परीक्षामा तीन पटक असफल भएको उम्मेदवार सोही सेवा श्रेणीका लागि पुन: सम्मिलित हुन अयोग्य मानिनेछ भन्ने कुरा उल्लेख गरिएको थियो । यो व्यवस्था भारतमा पनि थियो । पहिले पहिले लोक सेवा आयोगले जिल्ला जिल्लामा गएर विज्ञापन गर्ने, दरखास्त लिने, जाँच लिने, अन्तर्वार्ताको प्रबन्ध गर्ने आदि कार्य गर्न र अस्थायी कार्यस्थलको बन्दोवस्तमा ज्यादै कठिनाई भएकाले थप दरबन्दी माग गरी २०२४ सालमा १२ वटा अञ्चलमा र २०२५ सालमा कर्णाली अञ्चलमा आयोगका कार्यालयहरू स्थापना गरिएको तथ्याङ्क रहेको छ । सुरूसुरूमा अञ्चलहरूमा परीक्षा हुँदा कतिपय स्थानमा चिट चोराउने र त्यहाँका उच्च प्रशासकहरूबाट पनि खासै सहयोग नपाएको कुरा तत्कालीन आयोगका सचिव भुवनमान सिंहले आफ्नो लेखमा प्रस्तुत गर्नुभएको छ । आफूले परीक्षाको इज्जत र मर्यादा राख्न कुनै पनि पदाधिकारी, प्रशासन र स्थानीय महशुर गिरोहरूलाई बेवास्ता गर्दा ज्यानको खतराको गुमनाम पत्रहरू प्राप्त भएकामा आफ्नो कर्म नछोडेको विषय उल्लेख गरेबाट एउटा विश्वासिलो संस्थाको रूपमा स्थापित भएको पाइन्छ ।

एकतीस वर्षसम्म लोक सेवा आयोगमा कार्यरत रहेका भुवनमान सिंहले एउटा लेखमा आफ्नो अनुभव यसरी पनि प्रस्तुत गर्नु भएको छ- 'दरबारका केही मुख्य अधिकृतहरूले पनि बेलावखत दबाब दिन खोज्दथे, आयोगकै केही सदस्यहरूले समेत आफूले भने जस्तो हेरफेर गर्न पाइएन भने श्री ५ को सरकारबाट नियुक्ति पाएका सचिवले श्री ५ बाट नियुक्ति पाएका संवैधानिक पद धारण गर्ने सदस्यलाई नियन्त्रण गर्न खोज्यो भनी आरोप लगाउँथे, आफन्त, नातेदार साथीभाइहरू रिसाएर मुन्टो फर्काइ हिँड्थे । तसर्थ मेरो अनुभवले यही देखाउँछ कि आयोगका अध्यक्ष, सदस्य, जुनसुकै उच्च तह तथा आहोदाका भए पनि वास्तवमा आयोगको गरिमा बढाउन अथवा खतम पार्नमा सचिवालयको ठूलो भूमिका हुन्छ । अनजान वा जानाजानी आयोगकै अध्यक्ष वा सदस्यले तलमाथि पार्न खोजे त्यसको भागिदार सचिव पनि हुन जान्छ । यस्तोमा सचिवले अडान लिन सक्नु पर्दछ ।' अर्को एक प्रसङ्गमा सिंहले भन्नुभएको छ, "ओहोदा ठूलो छ भन्दैमा निष्ठा र इमान्दारिता हुन्छ भन्ने हुँदैन । विसं २०२७ को लोक सेवा आयोग कार्यविधि नियममा ४० प्रतिशत वा सोभन्दा बढी परीक्षामा अंक प्राप्त गरेका मध्येबाट उम्मेदवारको संख्या निर्धारण गर्ने प्रचलन भएको व्यवस्था देखिन्छ । यसरी विभिन्न समयमा कतिपय नराम्रा घटना भए पनि त्यसलाई नियन्त्रण र सुधार गर्दै आयोगले आफ्नो जिम्मेवारी पूरा गर्दै आयोगको छवि उच्च राख्न प्रयत्न गर्दै आएको छ ।" सर्वप्रथम लिखित परीक्षा २०१४, वस्तुगत, आइ.क्यू, सामूहिक छलफल २०२२, आधुनिक व्यावहारिक परीक्षणको प्रारम्भको क्रममा मामिला प्रस्तुतीकरण २०७४ र इन बास्केट अभ्यास २०७५ सालबाट सुरू भएको थियो । परीक्षा तथा अन्तर्वार्ताको काममा निष्पक्षता र गोपनीयता कायम राख्न मसिना कमजोरीका छिद्रहरू हटाउन क्रमिक रूपमा सुधार गरिँदै आएको छ । विसं २०७२ को नेपालको संविधानमा भएको संवैधानिक व्यवस्थाअनुसार निजामती सेवाको अलावा सुरक्षा नियकाहरू, संस्थान बोर्ड, समिति, केन्द्र आदि जस्ता जो नेपाल सरकारको ५० प्रतिशत वा सोभन्दा बढी लगानी रहेको छ, ती सबैको लिखित परीक्षा सञ्चालनको जिम्मेवारी पाएबाट आयोगले हाल १०० भन्दा बढी संस्थाहरूको लिखित परीक्षा सञ्चालन गर्दै आइरहेको छ । वर्तमान समयमा आयोगको कार्य क्षेत्र र जिम्मेवारीमा विस्तार भएको छ ।

आयोगले परीक्षार्थीको पहिचान नहोस् भनी उत्तरपुस्तिकामा दुई पटक भिन्नभिन्न अधिकृत टोलीबाट एक अर्को काममा संलग्नता नरहने गरी संकेती ( कोडिङ्ग गर्ने) र उक्त कोडिङ्ग एउटा सचिवको र अर्को अध्यक्षको जिम्मामा रहने विषयगत उत्तरपुस्तिकाहरू सम्बन्धित विषय क्षेत्रका विज्ञ/दक्षबाट परीक्षण गराउने, समय समयमा पाठ्यक्रमका विषयमा पृष्ठपोषण लिने गरेको, वस्तुगत उत्तरपुस्तिका तीन जना फरकफरक व्यक्तिबाट परीक्षण, पुनः परीक्षण र अन्तिम परीक्षण कार्यालयभित्रै र सुपरीवेक्षेकको सामुन्ने परीक्षण गराउने गरिएको, विशेषगरी उपल्लो श्रेणी/तहका पदमा विषयगत उत्तरपुस्तिकाहरू दुईजना फरक फरक विज्ञबाट परीक्षण गरिने गरिएको, विज्ञबाट दिइने अंकको तालिका व्यक्तिको नाममा नभइ कोड नं. मा चढाउने व्यवस्था रहेको छ । दक्ष/विज्ञबाट परीक्षण गरिएका उत्तरपुस्तिकाहरूमा कर्मचारीबाट पूर्णाङ्कअनुसार अंक दिए नदिएको, कतै छुटेको वा नछुटेको रूजु गर्ने गरिन्छ । मापदण्ड सुहाउँदो मूल्याङ्कन गरेको नपाइएमा उक्त दक्ष/विज्ञको रोष्टरबाट नाम हटाउने चलन रहेको छ । कच्चा प्रश्नपत्र कम्तिमा पाँच जना विज्ञलाई निर्माण गर्न दिइने व्यवस्था गरिएको र उक्त प्रश्नपत्रहरूलाई पुन: दुई जना विज्ञको टोलीबाट परिमार्जन ( मोडेरेशन) गराई कम्तिमा तीन सेट तयार गराई कोड नम्बरमा सिलबन्दी गरी उक्त प्रश्न बैंकमा राख्ने गरिएको र परीक्षा सञ्चालन पूर्व कोड नं. गोलाबाट छनोट गरी परीक्षाका लागि चयन गर्ने गरिएको र उक्त चयन भएको परिमार्जित सेट छपाई गर्ने गरिएको र छपाईमा बस्ने कर्मचारीहरूले कुनै पनि सञ्चारसम्बन्धी उपकरण प्रयोग गर्न नपाउने, परीक्षा सञ्चालन भएको आधा घण्टासम्म छपाईको निश्चित परिधिबाट बाहिर जान नपाउने व्यवस्था गरिएको छ । दक्ष/विज्ञ वा कर्मचारीका कोही आफन्त भए परीक्षासम्बन्धी सबै चरणका कार्यबाट बाहिरिनु पर्ने व्यवस्था रहेको छ । अन्तर्वार्ता समितिमा समेत अन्तर्वार्ताकर्ताहरू एक आपसमा उम्मेदवारको विषयमा मूल्याङ्कन पूर्व र पश्चात् कुरा गर्न पाइँदैन र प्रत्येक मूल्याङ्कनकर्ता तोकिएको सिमामा रहेर अंक प्रदान गर्न दबावबाट मुक्त रहन्छन् । नेपालमा प्राविधिक जनशक्ति नहुँदा प्रारम्भमा विदेशका जनशक्तिलाई पनि नियुक्त गरिएको, केही मात्र उपलब्धता हुँदा अन्तर्वार्ताबाट मात्र पनि छनोट गरिएको क्रमश: वस्तुगत परीक्षा प्रणालीबाट मात्र छनोट गरिएकामा वर्तमान समयमा बजारमा पर्याप्त जनशक्ति पाउन थालेपछि विषयगत, वस्तुगत, प्रयोगात्मक परीक्षा, सामूहिक छलफल, अन्तर्वार्ताजस्ता परीक्षाका मोडेलहरू आयोगले अपनाएको छ । समयसमयमा अन्तर्राष्ट्रियस्तरमा प्रचलनमा रहेका परीक्षाका मोडेलहरू अपनाउँदै मेरिटको आधारमा समय सापेक्ष सुधार गर्दै निष्पक्षता कायम गरी अब्बल उम्मेदवार छनोट गर्दै आइरहेको छ । वर्तमान आयोगले परीक्षण प्रविधि सुझाव सुधार समिति बनाई परीक्षण विधिमा आवश्यक सुधार गर्न प्रयत्नशील छ ।

आयोगले आफ्नो कार्यजिम्मेवारीमा भएका विषयलाई व्यवस्थित र प्रभावकारी रुपमा सम्बोधन गर्न संगठित संस्थाको लागि एकीकृत परीक्षा प्रणालीसम्बन्धी अध्ययन समेत भइरहेको छ । अन्तर्राष्टिय विज्ञताको उपयोग गरी आधुनिक वैज्ञानिक विधिहरुको सम्बन्धमा समयानुकुल सुधार गर्न आयोगले आन्तरिकको साथसाथै विभिन्न विकसित मुलुकसँग समेत हातेमालो गरी सुधार गर्न प्रयासरत रहेको छ । यसैगरी आयोगको काम कारबाहीलाई समय सापेक्ष रुपमा सम्बोधन गर्न आयोगले आफ्नो पञ्चवर्षीय दोस्रो रणनीतिक योजना समेत स्वीकृत गरी कार्यान्वयनमा रहेको छ । तथापि कुनै पनि पद्धति तथा परीक्षण विधिहरू सम्पूर्ण ढंगले पूर्ण हुँदैनन् । अन्तर्राष्ट्रियस्तरमा प्रतिष्पर्धा गर्न सक्ने, प्रभाव पुऱ्याउन सक्ने, राज्यका आवश्यकता र सेवा प्रवाहमा हुटहुटी भएका अभिप्रेरित निष्ठावान, इमान्दार, सेवाभाव भएका नेतृत्व दिन सक्ने सेवाग्राहीको गुनासो सम्बोधन गर्न सक्ने क्षमता, सकारात्मक सोच र व्यवहार भएका कर्मचारी छनोट गर्ने परीक्षण विधिहरू अपरिहार्य छ । निष्पक्षता स्थापनाकालको आवश्यकता थियो भने कार्यान्मुख र कार्य तत्परता भएको व्यक्ति छनोट गर्नु आजको आवश्यकता हो । विश्वविद्यालयमा पढाई भइसकेको विषय फेरि छनोटका लागि परीक्षण गर्ने वा उसभित्र भएको गुण, क्षमता, सीप र व्यवहारको अन्तरनिहित क्षमता परीक्षण गर्नेतर्फको अंकभार बढाउने यो विषयतर्फ आयोगले सोचेर वैज्ञानिक विधिहरू अवलम्बन गर्दै जाने र यस प्रकारको विषयलाई दीर्घकालीन र निरन्तररूपमा आयोगले उच्च प्राथमिकताका साथ अगाडि बढाउनुपर्ने हुन्छ । ***(लेखक लोकसेवा आयोगका सहसचिव समेत हुन्) -रासस***

## महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०७९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पिटल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ अनुभव मिल्ने र नयाँ योजना बन्नेछ । शुभकार्यको चर्चा पनि चल्नेछ। | **तुला** : महिला वर्गबाट सहयोग मिल्नेछ। धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। |
| **वृष** : चोटपटकको भय छ सचेत रहनुहोला, नयाँ र शुभ कार्यको थालनी हुनेछ । | **वृश्चिक** : प्रयत्न गरे फाइदा लिन सकिनेछ । साथीभाइसँग समय बित्नेछ। |
| **मिथुन** : ठीक समयमा सही निर्णय लिन सकिनेछ । सामाजिक कार्य अघि बढ्नेछ। | **धनु** : मनोरञ्जन पूर्वक दिन बित्नेछ । नसोचेको ठाउँबाट धनागम हुनेछ । |
| **कर्कट** : राजनैतिक कार्यमा सफलता मिल्नेछ । सांगीतिक क्षेत्रमा रुचि बढ्नेछ। | **मकर** : प्रेममा मनमुटाव आउनेछ । आफ्नो विचार विपरित निर्णय हुनेछ । |
| **सिंह** : समाजसेवामा मन लाग्नेछ । नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ । | **कुम्भ** : समाजसेवामा मन लाग्ला । शिक्षामा सामान्य सफलता मिल्नेछ । |
| **कन्या** : अधिकारका लागि संघर्ष गर्नुपर्ला, तरपनि कुनै कुराले मन प्रसन्न रहला । | **मीन** : अवसरले मन प्रसन्न रहनेछ । नयाँ व्यक्तिसँग भेटघाटको अवसर मिल्नेछ। |

# साहित्य दर्पण

अनुभूति — कामना काफ्ले

## मेरो जिन्दगीको अदृश्य मान्छे



**जिन्दगीमा कोही त हुनुपर्दो रहेछ्छ कोही हुनु अनि नहुनुले जिन्दगीमा निक्कै ठुलो अर्थ राख्दो रहेछ । एक्लोपनको आभास भइराख्ने यो संसारमा कोही एक्लोपन भुलाउने साथी साथमा हुनुको महत्त्व तिमीसँग हुँदा महशुस गर्छु । यो संसारमा कतै रुमलिएको मलाई मसँग नै भेटाइदिन अनि हराएको र बाटो भुलेको मलाई बाटो देखाइदिन तिमी छौ झैँ लाग्छ । मलाई यस्तै यस्तै धेरै कुरा लाग्छ । तर लागेका कुरा कहाँ भन्न सकिन्छ र ? कहाँ भन्न मिल्छ र ? मिल्ने भए आफैँलाई रित्तो परेर भन्ने थिएँ म, के सोच्छु तिम्रो लागि । र भन्ने थिएँ, तिमी मेरा लागि को हौ भनेर । के हौ भनेर ।**

"म तिम्रो को हुँ ?", संवादको बिचमा तिमीले सोधिरहँदा मसँग कुनै पनि जवाफ नै थिएन । मलाई तिमीले सोधेको प्रश्नले मनमनै सोच्न बाध्य पाऱ्यो । "साँच्चै, तिमी मेरो को हौ ?", फोन राखिसकेपछि मैले यो कुरा धेरै बेरसम्म सोचिरहेँ र आफैँमा घोत्लिइरहेँ । "लाग्न त मलाई धेरै कुरा लाग्छ, तिम्रो बारेमा अनि तिम्रा लागि । तर लागेका सबै सही हुन्छन् र ? के लाग्छ तिमीलाई ? मलाई त तिमी आफ्नै लाग्छ तर आफ्नै मान्छे पनि कहिलेकाहीँ समयभन्दा ढिलो भेटिइँदो रहेछ र आफ्नो भन्न अलिक अप्ठ्यारो हुँदो रहेछ । अलिक धक लाग्दो रहेछ । भन त यत्रो वसन्तसम्म तिमी कहाँ थियौ ?" सोध्न मन लागेको अनि भन्न मन लागेको कुरा कहाँ लागेअनुरूप गर्न सकिँदो रहेछ र ?

जिन्दगी बाँच्ने कला सबैको आ-आफ्नो हुन्छ । जिन्दगीमा कोही त हुनुपर्दो रहेछ कोही हुनु अनि नहुनुले जिन्दगीमा निक्कै ठुलो अर्थ राख्दो रहेछ । एक्लोपनको आभास भइराख्ने यो संसारमा कोही एक्लोपन भुलाउने साथी साथमा हुनुको महत्त्व तिमीसँग हुँदा महशुस गर्छु । यो संसारमा कतै रुमलिएको मलाई मसँग नै भेटाइदिनह अनि हराएको र बाटो भुलेको मलाई बाटो देखाइदिन तिमी छौ झैँ लाग्छ । मलाई यस्तै यस्तै धेरै कुरा लाग्छ । तर लागेका कुरा कहाँ भन्न सकिन्छ र ? कहाँ भन्न मिल्छ र ? मिल्ने भए आफैँलाई रित्तो परेर भन्ने थिएँ म, के सोच्छु तिम्रो लागि । र भन्ने थिएँ, तिमी मेरा लागि को हौ भनेर । के हौ भनेर । तिमीलाई आँखा पढ्न आउने भए सायद तिमीले मलाई लागेका कुरा पनि बुझ्थ्यौ । विडम्बना ! न म भन्न सक्छु न तिमी नै बुझ्न सक्छौ मेरो आँखाको भावलाई । कुनै कुनै मान्छे निक्कै मिठास भरिएका अनि सुवासिला हुन्छन् । उनीहरू नजिक नरहँदा पनि आफ्नो आभास छोड्छन् । जिन्दगीमा महकाइ रहन्छन् । त्यस्तो मान्छे जिन्दगीमा कोही एक मात्रै हुन्छन् र त्यही एक मात्रै मान्छे तिमी हौ मेरा लागि । तिमीसँगको सामीप्यले लाग्छ, म भाग्यमानी छु । किनकि मेरो जीवनमा तिमी छौ । जीवनमा हरेक पल सम्झना बन्छन् । ती सम्झनाको पल पल्टाउने क्रममा याद आउने कोही हुनु पनि त जिन्दगी हो नि ! कोही त चाहिन्छ नै, कोही भन्दा यादमा आउने जिन्दगीको अर्थ बुझाउने ।

यो संसारमा जेलिएको नाता अनि सम्बन्धभन्दा पनि पर, यो जन्मिँदै हामी कैद भएको नाताभन्दा माथि, कोही त चाहिँदो रहेछ 'म छु' भनेर साथ दिनेह अनि लड्न लाग्दा हात दिने । मैले सायद तिमीलाई त्यही कोहीमा समाहित गरेकी छु । हरेक नाता अनि सम्बन्धभन्दा माथि, बिनास्वार्थ मेरा लागि सोचिदिने तिमी मेरो शुभचिन्तक हौ कि ? तिमी मनबाटै जोडिएको मान्छे हौ कि ? मेरो परिवार जत्तिकै नजिकैको मान्छे हौ कि ? सायद, तिमी जोसँग म खुल्न सक्छुह त्यो व्यक्ति हौ कि ? तिमीलाई मैले आफ्नो दुःख अनि सुखको पल बताउन दुईपटक सोच्न पर्दैनह त्यही मान्छे हौ कि तिमी मेरो ? भन त, त्यस्तो मान्छेलाई के भन्छन् तिम्रोतिर ? आमालाई सोधेँ, त्यस्तो कुनै शब्द छैन रे ! हाम्रोतिर जसले यी सबै गुणलाई एकै शब्दमा वर्णन गर्न सकोस् त्यस्तो मान्छेलाई समाहित गर्ने शब्द बनेकै छैन रे ! तिम्रोतिर छ कि, थाहा छ र तिमीलाई ? त्यसैले मलाई तिमीले सोधेको प्रश्नको जवाफ आएन । हुन त मसँग कहिल्यै पनि उत्तर हुँदैन । अस्ति पनि 'हाम्रो सम्बन्ध के हो ?' भन्ने कुरामा अनुत्तरित थिएँ म । आज फेरि 'तिमी को हौ ?' भन्ने प्रश्नमा अनुत्तरित छु । खैर, जिन्दगी छोटो छ । प्रश्न र उत्तर खोज्दैमा जिन्दगी सकिँदैन भन्न सकिन्न । छोटो जिन्दगीमा मिठा मान्छेहरू बिरलै भेटिन्छन् । कोही मिठा व्यक्ति तीता पल जिन्दगीमा छरेर जान्छन् । कोही सधैँ मिठास बनेर वरपर छाइरहन्छन् । तिमी पनि मेरो छोटो जिन्दगीको अध्यायमा अटाएको मिठास छर्ने मान्छे हौ ।

'म तिम्रो को हुँ ?' भन्ने प्रश्नको स्पष्ट उत्तर मसँग थिएन । छैन । तर 'तिमी मेरो को हौ ?' भन्ने प्रश्नको स्पष्ट उत्तर मैले थुप्रैपटक आफूलाई कठघरामा उभ्याएर सोधेकी छु । आफैँले आफैँलाई सोध्दा लाग्छ, तिमी मेरो सबैभन्दा विशेष अनि खास मान्छे हौँ जो निःस्वार्थ मेरा लागि सोचिरहेको हुन्छौ । मेरा लागि मभन्दा बढी चिन्तित हुन्छौ । मलाई रिसाउने पारिरहन्छौ । मलाई फकाइरहन्छौ । मलाई सम्झाइरहन्छौ । मान्छेहरूलाई विश्वास नलाग्ला - यस्तो मान्छे नि हुन्छ र ? तर मैले त त्यस्तो मान्छे तिमीमा भेटिसकेँ । मलाई यस्तै केही लागिरहन्छ । तिमी र ममा मलाई हाम्रो एउटा कुरा भने एउटै लाग्छ - हामी भाग्यमानी छौँ । भन्छन्, मान्छे सफल हुन उसको पछाडी कोही न कोहीको हात हुन्छ । सायद तिमी मेरो सफलता पछाडिको त्यो हात हौ कि ? सायद ? सायद नै भनम् न है ! किनकि म आफूलाई सफल मान्दिनँ । तर सफलता होस् या असफलता, मैले जे गर्दा पनि मलाई थामिदिने तिमी पक्कै हौ । मेरो असफलतामा पनि धैर्य गर्न सिकाउने शिक्षक हौ, अनि मेरो सफलतामा मसँगै खुसी हुने मेरो परिवार पनि हौ । मेरो ओठमा छाउने मुस्कान अनि मेरो दुःखमा दुःखी हुने मेरो जिन्दगीको प्यारो उपहार हौ तिमी । मलाई सम्बन्ध सम्हाल्न आउँदैन । जान्दिनँ । तर मलाई उपहार सम्हाल्न आउँछ । तिमीलाई थाहा छ ? मैले जिन्दगीमा पाएको पहिलो उपहार मैले अझैसम्म जतनसाथ सम्हालेर बाँचिरहेकी छु ।

त्यसपछि जिन्दगीमा मलाई एउटा साथीले पहिलोपटक घडी दिएको थियो, त्यो पनि अझैसम्म मसँग सुरक्षित छ । जतनका साथ अझै पनि मैले त्यो घडीलाई सम्हालेर राखेकी छु । तर साथीसँगको सम्बन्ध भने मैले सम्हाल्न सकिनँ । त्यसैले त भन्छु, तिमी मेरो उपहार हौ । त्यसैले होला, मैले तिमीलाई आजसम्म सम्हालेकी छु । मलाई उपहार मात्रै होइन सम्बन्ध पनि गुमेको मन पर्दैन तर नचाहेरै पनि थुप्रै सम्बन्ध मैले सम्हाल्न सकिनँ । सम्हाल्न जानिनँ । गुमे । डरले भरिएको समाजमा तिमीलाई बाहिरी दुनियासँग परिचित गराउन डर लाग्छ मलाई । राम्रो मान्छेमाथि भगवानको पनि नजर लाग्छ रे ! म तिमीलाई कुनै महँगो उपहारझैँ लुकाएर राख्न चाहन्छु । आफैँभित्र । एकदमै कसैले नदेख्ने गरी ।

*-साहित्यपोष्ट डटकम*

उपन्यास — शैलेश भट्टराई

## स्वर्गको उचाइ

**नयाँ प्रावधान अनुसार 'त' अक्षरबाट नाम प्रारम्भ भएर मात्रै नहुने भयो । भविष्यमा कार्यकारी प्रमुख हुने व्यक्तिको पिताको नाम नेपाली वर्णमालाको 'ल' अक्षरबाट प्रारम्भ हुनुपर्ने नयाँ प्रावधान पनि थपियो । तिलस्मीनारायणको बुवाको नाम लालवीर थियो । यो प्रावधान पनि कम्पनीको बोर्डबाट तुरून्तै अनुमोदन भयो । यसपछि पनि तिलस्मीनारायण चैनले बस्न सकेनन् । किनभने सीईओ बन्न योग्य कम्पनीकै स्टाफ तिलकप्रसादको पिताको नाम लेखेन्द्र, तालबहदुरको पिताको नाम लोकमणि, तपेन्द्रलालको पिताको नाम लवप्रसाद लगायत यस्तै यस्तै थुप्रै केसहरू भेटिए ।**

त्यतिबेला तिलस्मीनारायण निकै छट्पटिन्थे जतिबेला उनी कम्पनीको प्रमुख कार्यकारी अधिकृतभन्दा ठीक एक कदम मुनिको ओहोदामा विराजमान थिए । बेपत्तै पिरिन्थे । भित्रभित्र हुँडलिन्थे । मनमनै कुँडिन्थे । एकबारको जुनी कम्पनीको हर्ताकर्ता अर्थात् सीईओ हुन नपाइकनै बित्नेभो भन्ने भयले चिन्तित हुन्थे । विचलित हुन्थे । यत्तिकैमा उनको दिमागमा एकदिन एउटा तिलस्मी आइडिया क्लिक भयो । दुईचार जना आफू जस्तै छट्टु, महत्वाकांक्षी र खुरापाती साथीहरूको साथ लिएर प्रमुख कार्यकारी अधिकृतको उमेरमा ५८ वर्षे हदबन्दी लाउन उनी सफल भए । यसअघि कम्पनीमा उमेरको त्यस्तो पाबन्दी केही थिएन । यो पाबन्दीपछि बहालवाला सीईओ एक वर्षपछि निवृत्त भए । अब पालो तिलस्मीनारायणकै थियो । उनी सीईओ भए । यो एक वर्ष बिताउन तिलस्मीनारायणलाई एक दशक जस्तै लाग्यो ।

कम्पनीको प्रमुख कार्यकारी अधिकृत पदमा पुग्नुभन्दा अघिसम्म तिलस्मीनारायणलाई त्यहाँ कसरी पुग्ने भन्ने मात्रै एकसूत्रीय ध्याउन्न थियो भने पुगिसकेपछि त्यो पदमा आजीवन कसरी रहिरहने भन्ने अर्को एकल ध्याउन्नको बिजारोपण भयो । फलतः तिलस्मीनारायणले आफू आजीवन सो पदमा रहिरहन अनेक-अनेक फण्डा र तिकडमहरूको सूत्रपात गरे । आफू त्यो पदमा पुगेको केही समयपछि उनले कम्पनीका राम्रा, मेहनती, इमान्दार र कम्पनीको हित चिताई लगनशील भएर काम गर्ने कामदार र म्यानेजरहरू जो उनको गलत कामको आलोचना गर्थे भने कम्पनीको अहित गर्ने निर्देशनको अवज्ञा पनि गर्थे, तीनलाई एक एक गर्दै छानीछानी फायर गरे । खुरापातकर्मका आफ्ना ती समकालीन सहकर्मीहरूलाई पनि ठेगान लगाइदिए । उनका अनन्य भक्त र उनको भजन गाएर नअघाउनेहरूलाई उपल्लो ओहोदामा बढुवा गर्दै गए । तिनलाई राम्रा राम्रा अवसरहरूको ग्यारेन्टी गर्दै गए । यसरी उनले उनको भाषामा 'कम्पनीको व्यापक शुद्धीकरण' गरे । यसपछि जता हेऱ्यो आफ्ना भक्त र शिष्यहरू मात्रै दृष्टिगोचर हुन थाले । आफ्नो जयजयकार मात्रै देखे । प्रशंसा मात्रै सुने । महिमामण्डन मात्र भोगे । यो देखेर उनको मन त्यसै त्यसै प्रफुल्लित हुन्थ्यो । भलै उनको शुद्धीकरणले कम्पनीको उत्पादकत्व र व्यवसायिक दक्षता क्रमशः ओरालो लाग्दै गएको थियो ।


बिस्तारै बिस्तारै त्यसको प्रत्यक्ष नकारात्मक असर कम्पनीको नाफामा पर्न थाल्यो । त्यसको उनलाई परवाह छँदै थिएन । न त्यसको जिम्मा नै लिन्थे । त्यसको दोष आफूभन्दा मुनिका स्टाफहरूलाई लगाइदिन्थे र आफू पानी माथिको ओभानो भएर बसिदिन्थे । आफू ५८ को आसपासमा पुग्न पुग्न लागेपछि उनको चिन्ता दिन दुगुना रात चौगुना बढ्न थाल्यो । सीईओ भएपछिका यी दुई वर्ष उनलाई दुई घण्टा जति पनि लागेन । 'कत्ति चाँडै छोड्नुपर्ने दिन आउन लाग्यो' भनेर भुट्भुटिन थाले । त्यसैले आजीवन यो पदमा कसरी रहिरहने भनेर अनेक अनेक तानाबाना बुन्न थाले । सीईओ हुनलाई नयाँ नयाँ योग्यता र मापदण्डहरू निर्धारण गर्दै गए । यसैको लागि कम्पनीको बोर्डमा आफ्ना मान्छेहरू मात्र पुग्ने वातावरण मिलाए । कम्पनीको बोर्डमा आफ्नो पकड भएपछि सबैभन्दा पहिला उनले उमेरको हदबन्दी हटाए । बोर्डले यसलाई तुरुन्तै अनुमोदन गऱ्यो । तैपनि उनलाई पदबाट हट्नुपर्ला कि भन्ने भयले छोडेन । अझ उमेरको हदबन्दी हटाएको यही संक्रमणकालीन मौकामा अर्को सीईओ आयो भने त झन् छोड्दैन र आफू फेरि कार्यकारी प्रमुख बन्न नपाउने त्रासले अनेकौं रात निदाएनन् । त्यसैले उनले कम्पनीको कार्यकारी प्रमुख हुनको लागि थप योग्यताहरू निर्धारण गर्न थाले । कम्पनीको कार्यकारी प्रमुख हुनलाई सम्बन्धित व्यक्तिको नाम नेपाली वर्णमालाको 'त' अक्षरबाट सुरु हुनुपर्ने प्रावधान राखे । त्यो पनि बोर्डबाट तुरून्तै अनुमोदन भयो । यो नियम अनुमोदन भएपछि तिलकप्रसाद, तालबहादुर, तपेन्द्रलाल, तपस्याकुमारी, तुलसीमैंया, तीलसिंह आदि 'त' बाट नाम प्रारम्भ हुनेहरू जो सीईओ बन्न काबिल थिए, उनीहरू बेपत्तै खुशी भए । ती मध्ये धेरैले त पार्टी नै दिए भनेको सुनियो । अब हाम्रो पनि पालो आउने भो भनेर ती त्यसै त्यसै पुलकित भए भन्ने खबर तिलस्मीनारायणले पनि सुने । यो खबरपछि तिलस्मीनारायण सशंकित भए । परिणामस्वरूप उनले फेरि नयाँ प्रावधान थपे ।

नयाँ प्रावधान अनुसार 'त' अक्षरबाट नाम प्रारम्भ भएर मात्रै नहुने भयो । भविष्यमा कार्यकारी प्रमुख हुने व्यक्तिको पिताको नाम नेपाली वर्णमालाको 'ल' अक्षरबाट प्रारम्भ हुनुपर्ने नयाँ प्रावधान पनि थपियो । तिलस्मीनारायणको बुवाको नाम लालवीर थियो । यो प्रावधान पनि कम्पनीको बोर्डबाट तुरून्तै अनुमोदन भयो । यसपछि पनि तिलस्मीनारायण चैनले बस्न सकेनन् । किनभने सीईओ बन्न योग्य कम्पनीकै स्टाफ तिलकप्रसादको पिताको नाम लेखेन्द्र, तालबहदुरको पिताको नाम लोकमणि, तपेन्द्रलालको पिताको नाम लवप्रसाद लगायत यस्तै यस्तै थुप्रै केसहरू भेटिए । यी मनुवाहरूले भविष्यमा कम्पनीको बडाहाकिम हुन पाउने लोभले मुख मिठ्याए । यिनको मीठो मुखले तिलस्मीनारायणको मीठो चैन तीतो बनायो । उनले फेरि कम्पनीको बोर्ड बैठक डाके । अनि फेरि नयाँ मापदण्ड थपे । जस अनुसार मौजुदा तमाम योग्यताका अतिरिक्त सीईओ बन्न इच्छुक उम्मेदवारको दाहिने गालामा काँक्रोबियाँ खत भएको पनि हुनुपर्ने बनाए । यो पनि बोर्ड बैठकबाट तुरुन्तै अनुमोदन भयो । तिलस्मीनारायणको तिलस्मी जादूले कम्पनीको बोर्ड यति सक्षम भैसकेको थियो कि यसले महिलालाई पुरूष र पुरूषलाई महिला बनाउने अल्ट्रा चिकित्सकीय दक्षता समेत हासिल गरिसकेको थियो । बोर्डलाई के नै गाह्रो थियो र ? तिलस्मीनारायणले पुरुषलाई महिला वा महिलालाई पुरुष भने 'हो हजुर' भनेर अनुमोदन गर्दिनु त थियो । यो मापदण्ड थपिएपछि पनि तिलस्मीनारायणले निर्धारण गरेका दाहिने गालाको काँक्रोबियाँ खत लगायतका सबै मापदण्ड पूरा गर्नेहरू पनि कम्पनीमा अझै भेटिए । त्यसैले तिलस्मीनारायणको बेचैनी कम भएन । उनी सरासर आफ्नो बेडरूममा गए । एउटा स्केल लिएर ऐना हेर्दै आफ्नो दाहिने गालाको सो खतको लम्बाई चौडाई नापे । नापजाँच गरिसकेपछि फेरि बोर्ड बैठक डाके । बैठकमा उनले कम्पनीको कार्यकारी प्रमुख हुन अर्को योग्यता थप्न लगाए । थपिएको नयाँ योग्यता अनुसार दाहिने गालामा हुनुपर्ने काँक्राको बियाँ आकारको त्यो खतको लम्बाई ठ्याक्कै दुई सेन्टिमिटर र चौडाई ठ्याक्कै एक सेन्टिमिटर हुनुपर्ने मापदण्ड बनाए । अलिकति कम वा अलिकति बेसी भयो भने पनि अयोग्य हुने व्यवस्था भयो । यसरी सबै मापदण्ड मिलेको एकल व्यक्ति कम्पनीभरिमा अब तिलस्मीनारायण मात्र भए । अरू हुने संभावना पनि थिएन । यसपछि भने उनले ढुक्कको सास फेरे । र, आफ्नो ५८ औं जन्मदिनमा कम्पनीका सबैलाई पाँचतारे होटलमा भव्य भोज दिए । भोजमा कम्पनीका सबै रमाए । नरमाउनेहरूलाई उनले पहिल्यै फायर गरिसकेका थिए । निःसन्देह त्यो भव्य भोजमा सबैभन्दा भव्य खुशी त तिलस्मीनारायण आफैं थिए । भोजमा उनले भव्य भाषण पनि गरे । भाषणमा उनले भने, 'अब यो कम्पनीको उचाई देखेर दुनियाँ चकित हुनेछ । यसलाई म सगरमाथाको होइन स्वर्गको उचाइमा पुर्याउनेछु ।' यसरी उनले आफू आजीवन सीईओ भैरहने मार्ग प्रशस्त गरे । तिलस्मीनारायण ९७ वर्षको उमेरसम्म पनि निर्विघ्न रूपमा कम्पनीको सीईओ नै रहिरहे । दर्जनौं पटक चिकित्सकीय अपरेशन गरेपनि, कम्पनीले कमाएको नाफाको ठूलो हिस्सा उनको आफ्नै उपचारमा खर्चेर पनि उनी त्यो उमेरसम्म उनका अनन्य भक्तहरूको भाषामा स्वस्थ नै थिए ।

उनको उच्च मनोबल र दृढ इच्छाशक्ति यसको प्रमुख कारण हो भनेर तिलस्मीनारायणबाट लाभान्वितहरूले बारम्बार दावी गर्ने गर्थे । बोल्न बाहेक आफ्नो बेडरुममै हिंडडुल गर्न, खानपिन गर्न, ओछ्यानमै शौचादी गर्न उनलाई पहलमान टाइपको सहयोगी चाहिन्थ्यो । तैपनि उनलाई स्वस्थ नै भन्नुपर्थ्यो । नत्र उनी र उनका भाइभारदार बेजोड रिसाउँथे । तिलस्मीनारायण हाकाहाकी तर्क गर्थे, 'कम्पनीको सीईओ पद भनेको जुडो कराँते खेल्ने पद पनि त होइन । 'यो गर् त्यो गर्' भन्नलाई यतिको तन्दुरूस्ती काफी हुन्छ ।' कसैले उनलाई पदलोलुप भनेको देखी सहँदैनथे । को पदलोलुप ? भनेर तीनको झाँको झार्थे र बुताले भ्याएसम्म हुर्मत लिन्थे । उनी पदलोलुप हुँदै होइनन् भन्ने उनका शिष्यहरूको अखण्ड विश्वास थियो । उनका चेलाहरूको जोडदार तर्क हुन्थ्यो, 'कार्यकारी प्रमुख हुनलाई कम्पनीमा निर्धारित योग्यता पुगेका कोही नै नभएपछि सीईओ सरको विकल्प नभएकै हो । वहाँलाई त्यत्तिकै पदलोलुप भन्न पाइन्न !' र अन्त्यमा, तिलस्मी नारायणले ९७ वर्षको उत्तरार्द्धमा आफ्नो देह त्यागे । र, त्यागे सीईओ पद पनि । आफू गएको केही वर्षपछि कम्पनीलाई पनि आफूसँगै स्वर्गमा लिएर गए । 'यो कम्पनीलाई म सगरमाथाको होइन स्वर्गको उचाइमा पुऱ्याउनेछु' भन्ने वाचा पूरा गरेर गए । छँदाखाँदाको एउटा कम्पनीलाई टाट पल्टाएर गए ।

*-अनलाइन खबर डटकम*

# तानसेन खानेपानी उपभोक्ता समिति विघटन गर्न पत्राचार



**पाल्पा,** असार १/जिल्लाको तानसेन नगर सरकारले तानसेन खानेपानी उपभोक्ता समिति विघटन गर्न सम्बन्धित निकायलाई पत्राचार गरेको छ । खानेपानी उपभोक्ता समिति अवैधानिक बाटोबाट चलेको भन्दै हालको समिति विघटन गरी नयाँ तदर्थ समिति गठन गर्न नगर सरकारले खानेपानी मन्त्रालयल, खानेपानी तथा ढल व्यवस्थापन विभाग र संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनालाई पत्रचार गरेको हो ।

लामो समय हुँदासम्म उपभोक्ता समितिले नियम अनुसार साधारण सभा र अधिवेशन नगरी अवैधानिक रुपमा आफै म्याद थप गर्दै आएकाले अहिले कायम रहेको समिति विघटन गरी तदर्थ समिति गठन गर्न नगर सरकारले सम्बन्धित निकायलाई पत्राचार गरिएको जनाएको छ । तानसेनको खानेपानीलाई खानेपानी मन्त्रालयबाट २०६८ मा विधिवत रुपमा तानसेन खानेपानी उपभोक्ता समितिका रुपमा हस्तान्तरण गरिएकोमा २०७३ मा उपभोक्ता समितिको निर्वाचन गरी समिति गठन गरिए पनि हालसम्म सो समिति नै कायम रहेको नगरपालिकाले जनाएको छ । उपभोक्ता समितिको नियमअनुसार हुनुपर्ने साधारण सभा र अधिवेशन समेत नहुँदा लामो समयदेखि समितिले अवैधानिक रुपमा आफ्नो म्याद आफै थप्दै आएको नगर सरकारको आरोप छ । अनेक बहाना बनाई अझै पनि साविककै समितिले आफुलाई निरन्तरता दिन आफु अनुकूल हुने गरी साविकको विधानलाई तोडमोड गरी संशोधन गरेको र उक्त संशोधित विधान प्रचलित कानुन बमोजिम कुनै पनि सरकारी निकायबाट स्वीकृत समेत नभएको नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत जीवन ज्ञवालीद्वारा जारी पत्रमा उल्लेख छ । तानसेन नगरपालिकाले विधान संशोधनका लागि कार्यपालिकाको बैठकबाट निर्णय गरी सुझावसहित संशोधन गर्नुपर्ने विवरण समेत उपलब्ध गराएकोमा उपभोक्ता समितिले उक्त सुझावलाई वेवास्त गरी अवैधानिक विधानबाट चुनावको प्रक्रिया थालनी गरेको पनि नगरपालिकाले जनाएको छ । आम उपभोक्ताहरु मध्येबाट योग्य पदाधिकारी छनोट गर्ने प्रक्रिया अवरुद्ध गरेकाले हालको खानेपानी उपभोक्ता समिति विघटन गरी नयाँ तदर्थ समिति गठन गर्ने कार्यमा सहयोग गर्न सम्बन्धित निकायलाई नगर सरकारले आग्रह समेत गरेको छ ।

# सहकारीको सूचना प्रणाली व्यवस्थापन तालिम



**पाल्पा,**असार १/जिल्लाको रामपुरमा सहकारीको सूचना प्रणाली व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन भएको छ । नगर भित्र रहेका सहकारीहरुलाई सूचना प्रविधिमैत्री बनाउने र सेवालाई थप प्रभावकारी बनाउने उद्देश्यले ३ दिने तालिम सञ्चालन गरिएको हो ।

संस्थाका व्यवस्थापकहरुका लागि कोपोमिस सम्बन्धी तालिम दिइएको नगरपालिकाले जनाएको छ । तालिमको रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले उद्घाटन गरेका हुन् । तालिमको उद्घाटन गर्दै नगर प्रमुख थापाले सहकारीलाई सूचना प्रविधिमैत्री बनाउन तालिमले महत्वपूर्ण भूमिका खेल्ने बताए । उनले सहकारीहरुको विकास र प्रवर्द्धनका लागि नगर सरकारले विभिन्न कार्यक्रमहरु गर्दै आएको बताए । उनले भने,'सहकारीको प्रवर्द्धन मात्र नभई अनुगमन, नियमन गर्ने अधिकार स्थानीय तहको हो,त्यसैले सहकारीलाई नियमसंगत तवरले सञ्चालन गर्नुहोस् ।' सहकारीको मापदण्ड अनुसार सञ्चालन नभएका सहकारीलाई खारेजी सहित कारवाही गर्ने चेतावनी समेत नगर प्रमुख थापाले दिए । उपप्रमुख बाल कुमारी थापाले सहकारीहरुको सही सूचना प्रणाली व्यवस्थापनका लागि कोपोमिस तालिमले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरिन् । प्रमुख प्रशासकीय अधिकृत लेखनाथ न्यौपानेले सहकारीलाई व्यवस्थित रुपमा सञ्चालन गर्न यस्ता तालिम सहयोगी बन्ने बताए । कार्यक्रममा ५ का वडा अध्यक्ष दुर्गा प्रसाद पोखरेल, जिल्ला सहकारी संघ पाल्पाका अध्यक्ष भुपति पाण्डे लगायतले तालिममा सिकेका कुराहरुलाई व्यवहारमा उतार्दै सहकारीलाई व्यवस्थित बनाउन आग्रह गरे । शनिबारसम्म चल्ने तालिममा २० सहकारी संस्थाका व्यवस्थापकहरुको सहभागिता रहेको छ । तालिमको सहजिकरण तानसेन नगरपालिकाका सूचना प्रविधि अधिकृत प्रकाश गैरेले गरेका छन् । उपप्रमुख बाल कुमारी थापाको अध्यक्षता, कार्यपालिका सदस्य दुर्गादिवि भण्डारी गौतमको स्वागत, प्रेस सल्लाहकार दानु हिस्की मगरको सञ्चालनमा तालिम सुभारम्भ कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# स्पेन नेशन्स लिगको फाइनलमा



**काठमाडौं,** असार १/सब्सिच्युट खेलाडी जोसेलुले खेल सकिन दुई मिनेट बाँकी छँदा निर्णायक गोल गरेपछि इटलीलाई २-१ ले पराजित गर्दै स्पेन युइएफए नेशन्स लिगको फाइनलमा प्रवेश गरेको छ ।

स्पेनले अब उपाधिका लागि क्रोएसियासँग खेल्नेछ । क्रोएसियाले पहिलो सेमिफाइनलमा नेदरल्याण्ड्सलाई पराजित गरेको थियो । नेदरल्याण्ड्सको डे ग्रोस भेस्टेमा भएको खेलको तेस्रो मिनेटमै यरेमी पेनोले गोल गर्दै स्पेनलाई अग्रता दिलाएका थिए । तर ११औं मिनेटमै इटलीका सिरो इम्मोबाइलले पेनाल्टीमा गोल गर्दै खेल बराबरी गरे । २१औं मिनेटमा इटलीका डेबिड फ्राटेसीले गोल गरे पनि भिएआरले मान्यता दिएन । ८८ औं मिनटमा जोसेलुले गोल गर्दै स्पेनलाई २-१ को जित दिलाए । उनी ८४ औं मिनेटमा अल्भारो मोराटाको स्थानमा मैदान प्रवेश गरेका थिए । स्पेन र क्रोएसियाबीचको फाइनल खेल आउने सोमबार हुनेछ । २०२१ मा पनि नेशन्स लिगको फाइनल पुगेको स्पेन फ्रान्ससँग पराजित भएको थियो । २०१२ मा उरो जितेपछि स्पेनले कुनै उपाधि जित्न सकेको छैन । उता फ्रान्स पहिलो अन्तर्राष्ट्रिय उपाधि जित्ने योजनामा छ ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# चौरासी पूजा गर्न आर्थिक सहयोग



**अर्घाखाँची,** असार १/अर्घाखाँचीको शीतगंगा नगरपालिकाले जेष्ठ नागरिकलाई चौरासी पूजा गर्न आर्थिक सहयोग प्रदान गर्न सुरुआत गरेको छ । आर्थिक अवस्था दयनीय भएर चौरासी पूजा गर्न नसक्ने जेष्ठ नागरिकलाई २५ हजार नगदसहित नगरपालिकाले सम्मानको थालनी गरेको हो ।

आर्थिक सहयोग पाएकामा जेष्ठ नागरिक खुसी भएका छन् । चुनावको सययमा नगरप्रमुखले बोलेका बाचा पूरा गरेकामा शीतगंगा ३ का जेष्ठ नागरिक खिमानन्द पौडेल निकै खुसी भए । ग्रामीण क्षेत्रका धेरै जेष्ठ नागरिकले चौरासी पूजाका लागि नगरपालिकासँग आर्थिक सहयोग गर्न माग गरेका थिए । तीन सय १९ जेष्ठ नागरिकलाई नगदसहित सम्मान गरिएको नगरप्रमुख छविलाल पौडेलले बताए । नगरका १४ वडाका वृद्धवृद्धालाई लक्षित गरी ८० लाख बजेटबाट जेष्ठ नागरिकलाई सम्मानसहित नगद वितरण गरेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत झविन्द्र खनालको भनाइ छ । कम खर्चमा चौरासी पूजा गरेर बचेको रकमबाट मन लागेका खानेकुरा खान र औषधोपचार गर्नलाई केही भए पनि राहत पुगेको जेष्ठ नागरिकको भनाइ छ । शीतगङगा भौगोलिक दृष्टिकोणमा सबैभन्दा ठूलो नगरपालिका हो । **-रासस**


## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि)को अधिक प्रयोगले:**

- बालबालिकाको आँखाको ज्योति बिग्रने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा समेत ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोग गर्न नदिऔं ।

लुम्बिनी प्रदेश सरकार

आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल



मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.

तानसेन, पाल्पा

०७५-५२१४६४, ५२१४६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com



## शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८०/०३/०१**

शिक्षा विकास तथा समन्वय इकाई पाल्पाको च.नं. १९६९ मिति २०८०/०३/०१ को पत्र र यस विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०२/२६ को निर्णय अनुसार यस विद्यालयमा रिक्त मा.वि. तह तृतीय श्रेणी विज्ञान विषयमा शिक्षक पदमा करार शिक्षक नियुक्तीको लागि योग्य इच्छुक नेपाली नागरिकबाट तपशिल अनुसार दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**

**विज्ञापन नं.** ०२/२०७९/०८०, **पद तथा संख्या** : शिक्षक (करार) १ जना

**तह** : माध्यमिक श्रेणीः तृतीय, **विषय** : विज्ञान

**शैक्षिक योग्यता** : शिक्षाशास्त्रमा स्नातक उत्तीर्ण वा सो सरह

**उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

**तलब स्केल** : नेपाल सरकारले तोके बमोजिम, **दरखास्त दस्तुर** : रु. १०००/-

**दरखास्त दिने अन्तिम मिति** : २०८०/०३/१५ गते कार्यालय समय भित्र,

**सम्पर्क मिति** : २०८०/०३/१५ गते ०५ बजे ।

**परीक्षा हुने मिति र स्थान** : सम्पर्क मितिमा तोकिनेछ ।

**परीक्षाको किसिम** : लिखित र अन्तरवार्ता

**आवश्यक कागजातहरू** : शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु, अध्यापन अनुमति प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि २/२ प्रति । परीक्षाको दिन सक्कल प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

**सम्पर्क नं.** : ९८५७०६२८१५

पुनश्चः कम्प्युटर सीप भएको, अंग्रेजी भाषामा दख्खल भएको, माथिल्लो योग्यता भएको अनुभवी उम्मेदवारलाई प्राथमिकता दिइने छ ।

**श्री भैरव नवदीप माध्यमिक विद्यालय**

रैनादेवी छहरा-४, पाल्पा



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक बेबसाईट

शितलपाटी .कम

www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई